apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १८९ ● पृष्ठः ४ ● १० साउन २०८३ आइतबार (26 July 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

# मिटरब्याज सहमतिविरुद्ध सिरहामा साहु-महाजन आन्दोलनको तयारी

## २५ सदस्यीय 'पीडित लेनदेन सङ्घर्ष समिति' पुनर्गठन, साउन ११ मा प्रदर्शन गर्ने घोषणा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**

सरकारले मिटरब्याज पीडितसँग भएको सहमतिअनुसार मिटरब्याजसँग सम्बन्धित फर्जी तथा गैरकानुनी लिखतहरूलाई अवैध घोषणा गर्ने निर्णयको विरोध गर्दै सिरहामा साहु-महाजन पक्ष आन्दोलनको तयारीमा जुटेको छ । यसैक्रममा सदरमुकामस्थित सल्हेश मन्दिर परिसरमा बिहीबार २५ सदस्यीय 'पीडित लेनदेन सङ्घर्ष समिति' पुनर्गठन गरिएको छ ।



पुनर्गठित समितिको अध्यक्षमा महेश्वर प्रसाद यादव चयन भएका छन् । समितिले सरकारले मिटरब्याज पीडितसँग गरेको सहमतिका कारण कानुनी प्रक्रियाअनुसार ऋण लगानी गर्ने वास्तविक साहु-महाजन अन्यायमा परेको दाबी गरेको छ ।

समितिका अनुसार कानुनी प्रक्रिया पूरा गरी भएका ऋण लेनदेनलाई फर्जी ठहर गर्ने प्रयास स्वीकार्य छैन । सरकारले गरेको सहमति पुनर्विचार गर्दै वास्तविक साहु-महाजनको हक-हितको संरक्षण गर्न र आफ्नो पक्षको समेत सुनुवाइ गर्नुपर्ने उनीहरूको माग छ ।

समितिले आगामी साउन ११ गते सिरहा सदरमुकाममा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम तय गरेको जनाएको छ ।

साथै, सरकारले हालसम्म गरेका निर्णय फिर्ता नलिए चरणबद्ध आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने चेतावनी पनि दिएको छ ।

सरकार र मिटरब्याज पीडितबीच

बाँकी पृष्ठ ४ ▶▶

# मधेशका १० पालिका केन्द्रित कार्यक्रममार्फत किसानको खेतसम्म सेवा पुऱ्याइनेः मन्त्री चौधरी




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**

पर्यावरणमन्त्री गीता चौधरीले कृषि अनुसन्धान, प्रविधि हस्तान्तरण र प्रांगारिक खेतीलाई प्राथमिकतामा राख्दै किसानको खेतसम्म प्रत्यक्ष सेवा पुऱ्याउने गरी कम्तीमा १० वटा पालिकालाई नमुना कार्यक्रमका रूपमा छनोट गरी कार्यान्वयन गरिने बताएकी छिन् ।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसँगको भेट तथा संघ-प्रदेश समन्वयसम्बन्धी उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै मन्त्री चौधरीले कम्तीमा १० वटा पालिका छनोट गर्न माग गरेकी हुन् ।

सो पालिकामा कृषिको नमुना कार्यक्रमका लागू गर्ने मन्त्री चौधरीको योजना छ । नीति निर्माणभन्दा पनि कार्यान्वयन पक्षलाई अब विशेष प्राथमिकता दिनुपर्ने उनले बताइन् ।

उनले अनुसन्धानबाट प्राप्त नतिजा किसानको खेतसम्म पुऱ्याउन, कृषि उत्पादन बढाउन तथा किसानलाई आधुनिक प्रविधिबारे प्रत्यक्ष जानकारी गराउन कम्तीमा १० पालिकामा एकीकृत कार्यक्रम सञ्चालन गरिने जानकारी दिइन् । ती पालिकामा उत्पादन वृद्धि, प्राविधिक सेवा, तालिम, परामर्श तथा प्रविधि हस्तान्तरणलाई विशेष जोड दिइने उनको भनाइ छ ।

बाँकी पृष्ठ २ ▶▶

# गुणस्तरहीन खाद्यान्न बिक्री गर्ने मधेशका ६२ उद्योगीविरुद्ध मुद्दा दायर

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**

गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेश प्रदेशका ६२ उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा सङ्कलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी-व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ । उनका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी-व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको




तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ ।

अनुगमनका क्रममा सङ्कलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लङ्घन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताए ।

आर्थिक वर्ष २०८२-८३ मा मधेश प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९

बाँकी पृष्ठ ४ ▶▶

# प्रदेशमा एमाले-नेकपा सत्ता सहकार्य गर्दै

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**

एमाले र नेकपाले प्रदेशसभामा सहकार्य गर्दै संयुक्त सरकार बनाउने सहमति गरेका छन् । कोशी, बागमती र लुम्बिनी प्रदेशमा एमाले तथा कर्णाली र सुदूरपश्चिममा नेकपाले सरकारको नेतृत्व गर्ने गरी शनिबार दुई दलले सहमति गरेका हुन् ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहालले हस्ताक्षर गरेको सहमतिपत्रमा मधेश र गण्डकी प्रदेशमा अन्य राजनीतिक दलसँग परामर्श गरेर मात्रै सरकारको नेतृत्व र सहभागिताको स्वरूप तयार पार्ने उल्लेख गरिएको छ । ती प्रदेशमा कांग्रेसले सरकारको नेतृत्व गरेको छ । त्यहाँ एमाले र नेकपा मिल्दा मात्रै सरकार गठन हुन सक्ने अवस्था छैन ।

दुवै दलले प्रदेश सरकारमा सहकार्यलाई राजनीतिक स्थिरता कायम गर्ने माध्यमका रूपमा

बाँकी पृष्ठ ३ ▶▶

# उपचारका लागि आमासँगै आएका नाबालकको सर्पदंशले मृत्यु

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**

उपचारका लागि सिरहाको भगवानपुर गाउँपालिका- ४ स्थित प्राथमिक स्वास्थ्य केन्द्र आएकी आमासँगै आएका करिब चारवर्षीय नाबालकको सर्पदंशको कारणले मृत्यु भएपछि उपचारमा लापरबाही गरिएको भन्दै स्थानीय आन्दोलित भएका छन् । सर्पदंशका बिरामी नाबालकको उपचारमा ढिलाइ र समयमै एम्बुलेन्स उपलब्ध नगराइएको भन्दै आक्रोशित स्थानीय बासिन्दाले स्वास्थ्य केन्द्रमा तोडफोड गर्नुका साथै पूर्व-पश्चिम हुलाकी सडकको भगवानपुर खण्डमा टायर बालेर अवरुद्ध गरेका छन् ।

भगवानपुर १ का अरुण मण्डलका छोरा करिब रोशन मण्डललाई स्वास्थ्य केन्द्रपरिसरमै सर्पले डसेको भए पनि थप उपचारका लागि समयमै रेफर गर्न एम्बुलेन्स उपलब्ध नहुँदा नाबालकको मृत्यु भएको स्थानीयको आरोप छ । स्थानीयले स्वास्थ्य केन्द्र तोडफोडसँगै हुलाकी सडक अवरुद्ध गरेपछि शनिबार दिउँसो करिब साढे १ बजेदेखि गाउँपालिकाका प्रतिनिधि र पीडित परिवार र स्थानीय अगुवाहरूबिच छलफल भइरहेको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ । प्रहरीका अनुसार भगवानपुर- ४, कल्याणपुरस्थित माइतीघर आएकी आमा आफ्नो उपचारका लागि स्वास्थ्य केन्द्रमा गएपछि नाबालक पनि आमासँगै गएका थिए ।

भगवानपुर गाउँपालिकाका पूर्वअध्यक्ष बेचनप्रसाद यादवले आफ्नो ज्यानको सुरक्षाका लागि बिरामी पुग्ने स्वास्थ्य संस्थामै एउटा नाबालकले समयमै उपचार नपाएर ज्यान गुमाउनु दुर्घटना मात्र नभई सम्बन्धित निकायको लापरबाही, कमजोर व्यवस्थापन, सरसफाइको अभाव र सुरक्षा संयन्त्रको



गम्भीर असफलता रहेको आरोप लगाए ।

'जनताको करबाट सञ्चालित अस्पतालमा २४ घण्टा आपत्कालीन सेवा सञ्चालन भइरहेको दाबी गरिन्छ । तर, अस्पतालपरिसर नै विषालु सर्पको जोखिमबाट सुरक्षित छैन भने सेवा र व्यवस्थापनको औचित्यबारे जनताले प्रश्न उठाउनु स्वाभाविक हो,' उनले भने, 'यस्तो दुःखद घटनापछि मौनता होइन, जवाफदेहिता आवश्यक छ ।'






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सांसदलाई स्वकीय राख्न पाउने व्यवस्थाको चौतर्फी विरोध : सडकदेखि अदालतसम्म पुग्यो मुद्दा

संघीय संसद्का सदस्य (सांसद)हरूलाई व्यक्तिगत स्वकीय सचिव (पीए) राख्न दिने नेपाल सरकारको निर्णयविरुद्ध युवाहरू सडकमा उत्रिएका छन् । शनिबार माइतीघर मण्डलामा जेनजी पुस्ताका युवाहरूले सरकारको निर्णय तत्काल खारेज गर्न माग राख्दै विरोध प्रदर्शन गरेका हुन् ।

सरकारले २०८३ साउन ४ गते राजपत्रमा सूचना प्रकाशित गरी 'संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३' को अनुसूची हेरफेर गर्दै सांसदहरूलाई समेत एकजना निजी स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको थियो ।




सोही निर्णयविरुद्ध युवाहरू सडकमा उत्रिएका हुन् । आन्दोलनको नेतृत्व गरिरहेको राष्ट्रिय जेनजी नागरिक अभियानका अभियन्ता अजय सोडारीले सांसदका स्वकीय सचिव सुविधा पुनर्स्थापना गर्ने सरकारी निर्णयको कडा विरोध गर्दै तत्काल फिर्ता लिन सरकारलाई चेतावनी दिए ।

उनले विगतमा सुशासन र मितव्ययीताको पक्षमा आवाज उठाउने नेताहरू अहिले सरकारमा पुगेपछि आफ्नै प्रतिबद्धताविपरित राज्यलाई आर्थिक भार पर्नेगरी स्वकीय सचिव सुविधा पुनर्बहाली गरेको आरोप लगाए ।

उनले भने, 'यो निर्णय फिर्ता गर्नुपर्छ । बालेन सरकारले आफ्नो मन्त्रिपरिषद्बाट सांसदको स्वकीय सुविधा राख्ने भनेर निर्णय गर्नुभएको छ। त्यसकै विरुद्धमा सडकमा आएका छौं। निर्णय तत्काल फिर्ता लिन हामी आह्वान गर्दछौं।'

निर्णय फिर्ता नभए सडक संघर्ष सुरु गर्ने र निर्णय फिर्ता गराएर छाड्ने उनले चेतावनी पनि दिए । सोडारीले स्वकीय सचिवका नाममा सांसदका आफन्त, कार्यकर्ता र आसेपासेलाई नियुक्त गर्ने प्रवृत्तिले सुशासन कमजोर बनाउने बताए। उनका अनुसार प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका सांसदका स्वकीय सचिवमा हुने खर्चले पाँच वर्षमा करिब पाँच अर्ब रूपैयाँभन्दा बढी राज्यकोषबाट खर्च हुने दाबी गरे। उक्त रकम शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासमा लगानी गर्नुपर्ने उनको भनाइ छ।

यसैगरी, सोही अभियानका सचिव प्रकाश बमले सांसदहरूका लागि स्वकीय सचिव राख्ने सरकारी निर्णयको कडा विरोध जनाए । उनले स्वकीय सचिवको व्यवस्था भ्रष्टाचारलाई संस्थागत गर्ने संयन्त्र बन्न सक्ने दाबी गर्दै यसलाई तत्काल फिर्ता लिन सरकारसँग माग गरे।

'प्रत्येक सांसदहरूको स्वकीयले एउटा नीतिगत रूपमा भ्रष्टाचारको संयन्त्र पूरा गर्नेछ। पहिलाको सरकारले स्वकीयको पद खारेज गरिसकेको थियो,' उनले भने, 'अहिले फेरि स्वकीय सचिव संघीय संसदमा राख्दा वार्षिक ५/६ करोड खर्च र त्यसै प्रदेशले पनि सिक्ने भएकाले प्रदेशले गर्दाखेरि पाँच वर्षमा करिब ३० अर्ब लगानी गर्नुपर्ने रहेछ।'

अघिल्लो सरकारले स्वकीय सचिवको पद खारेज गरिसकेको बताउँदै उनले पुनः यस्तो व्यवस्था ल्याइनु जनताको हितविपरीत भएको बताए । उनले संघ र प्रदेश दुवै तहमा सांसदहरूका लागि स्वकीय सचिव राख्दा पाँच वर्षमा करिब ३० अर्ब रूपैयाँ राज्यकोषबाट खर्च हुने उल्लेख गरे।

उक्त रकम शिक्षा, स्वास्थ्य, पर्यटन, जलविद्युत तथा उद्योगजस्ता उत्पादनमूलक क्षेत्रमा लगानी गरिए देशलाई दीर्घकालीन आर्थिक लाभ पुग्ने उनले बताए। बमले सांसदलाई आवश्यक सहयोगी राख्नैपरे आफ्नै तलब तथा सेवा-सुविधाबाट व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त गरे। राज्यकोषबाट स्वकीय सचिवको तलब उपलब्ध गराउनु करदाताको पैसाको दुरुपयोग हुने उनको भनाइ छ।

यस्तैगरी, राष्ट्रिय जेनजी नागरिक अभियानका संयोजक सुनिल सिंहले निर्वाचनअघि 'जान्नेलाई छान्ने' भन्ने नाराका साथ जनताबाट मत मागेर संसद पुगेका सांसदलाई फेरि राज्यकोषबाट अतिरिक्त सुविधा दिन खोज्नु जनताको अपेक्षाविपरीत भएको बताए।

जनमतको मतबाट निर्वाचित सांसदलाई पुनः स्वकीय उपलब्ध गराउने तयारीको विरोध गर्दै उनले सरकारले यस्तो निर्णय तत्काल फिर्ता लिन आग्रह गरे । कर्णाली र सुदूरपश्चिमका नागरिक अझै पनि आधारभूत स्वास्थ्य सेवा, औषधि र यातायातको अभावमा रहेको बताउँदै उनले राज्यको स्रोत जनताको जीवनस्तर सुधारमा खर्चिनुपर्ने बताए।

उनले सीमावर्ती क्षेत्रका नागरिक नागरिकता समस्या तथा सीमा सुरक्षासम्बन्धी चुनौतीसँग जुधिरहेको अवस्थामा सांसदहरूको सुविधा बढाउन सरकार लागेको उनले बताए।

सिंहले सांसदहरूको सेवा-सुविधामा वार्षिक रूपमा अर्बौं रुपैयाँ खर्च हुने दाबी गर्दै उक्त रकम कर छुट, सार्वजनिक सेवा सुधार तथा नागरिकलाई राहत दिने कार्यक्रममा प्रयोग गर्न सुझाव दिए। उनले लासमा लाग्ने कर घटाउन, सार्वजनिक यातायात सुधार गर्न र जनतालाई प्रत्यक्ष लाभ हुने क्षेत्रमा बजेट खर्च गर्नुपर्ने आग्रह गरे।

उनले सांसदलाई पुनः स्वकीय पीएसओ तथा अन्य अतिरिक्त सुविधा उपलब्ध गराउने व्यवस्था तत्काल खारेज गर्न माग गर्दै सरकार निर्णयबाट पछि नहटे संसद् र सडक दुवैबाट सशक्त विरोध हुने चेतावनी दिए।

सरकारको उक्त निर्णयको चौतर्फी विरोध भइरहेको छ। अधिवक्ता डा. प्रेमराज सिलवालले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र प्रतिनिधिसभाका सभामुखलगायतलाई विपक्षी बनाएर रिट दर्ता गराएका हुन्। उक्त रिटमा यही साउन ११ गतेका लागि पेसी तोकिएको छ।

संघीय संसद्का ३३४ र प्रदेशसभाका ५५० गरी कुल ८८४ सांसदका स्वकीय सचिवलाई मासिक औसत ६० हजार रुपैयाँका दरले पारिश्रमिक दिँदा वार्षिक ६३ करोड ६४ लाख ८० हजार रूपैयाँ र ५ वर्षमा ३ अर्ब १८ करोड २४ लाख रूपैयाँभन्दा बढी खर्च हुने रिटमा उल्लेख छ।

## सम्पादकीय...

### हराभरा मधेश र आत्मनिर्भर नेपाल

नेपाल कृषिप्रधान देश भनेर चिनिन्छ। तैपनि खाद्यान्नमा आत्मनिर्भर बन्न सकेको छैन् । प्रत्येक वर्षको आयात तथ्यांकले नेपाललाई आयात गर्ने देशको रुपमा देखाउँदै आएको छ । भर्खरै सकिएको आर्थिक वर्ष २०८२/८३ मा मात्रै नेपालले झन्डै ४० अर्ब रुपैयाँ बराबरको धान तथा चामल आयात गर्नु परेको तथ्याङ्ले देखाएको छ। यसले नेपालको कृषि क्षेत्रको वर्तमान अवस्था स्पष्ट देखाउँछ। समग्रमा आयातमा सामान्य कमी आएपनि तयारी चामलको आयात बढ्नुले नेपालको कृषि उत्पादन, प्रशोधन र बजार व्यवस्थापनमा गम्भीर चुनौती रहेको संकेत गर्छ। विडम्बना के छ भने, उर्वर भूमि, अनुकूल हावापानी र कृषि परम्परा हुँदाहुँदै पनि देश आफ्नै नागरिकलाई आवश्यक पर्ने मुख्य खाद्यान्न उत्पादन गर्न संघर्षरत छ।

सबैभन्दा बढी चिन्ताको विषय मधेश प्रदेशको अवस्थाले नै हो । नेपालको अन्नभण्डारका रूपमा परिचित मधेशमा पर्याप्त खेतीयोग्य जमिन भएपनि सिँचाइको अभाव, समयमा मलखाद उपलब्ध नहुनु, गुणस्तरीय तथा उन्नत बीउको कमी, कृषि प्रविधिको सीमित प्रयोग र प्रभावकारी सरकारी योजनाको अभावका कारण धान उत्पादन अपेक्षित रूपमा बढ्न सकेको छैन्। जलवायु परिवर्तनका कारण वर्षा अनियमित बन्दै जाँदा किसान थप समस्यामा परेका छन् । खेतीको लागत बढ्दो छ, तर उत्पादन र आम्दानी दुवै घटिरहेका छन्। अर्कोतर्फ, रोजगारीको अभाव र कृषि पेशाप्रतिको घट्दो आकर्षणका कारण मधेशका हजारौं युवा खाडी मुलुक तथा अन्य देशतर्फ रोजगारीका लागि पलायन भइरहेका छन् । गाउँका उर्वर खेतबारी बाँझो बन्दै गएका छन् । एक समय हरियालीले ढाकिने खेतहरू आज धेरै ठाउँमा सुनसान र सुख्खा देखिन्छन्। श्रमशक्तिको अभावले कृषि उत्पादनमा प्रत्यक्ष असर परेको छ। यदि यही प्रवृत्ति जारी रहने हो भने नेपालले भविष्यमा अझ बढी खाद्यान्न आयात गर्नुपर्ने अवस्था सिर्जना हुन सक्छ।

धान र चामल आयातमा भारतमाथिको अत्यधिक निर्भरता पनि दीर्घकालीन रूपमा जोखिमपूर्ण छ । कुनैपनि कारणले आपूर्ति प्रणाली प्रभावित भएमा नेपालको खाद्य सुरक्षा संकटमा पर्न सक्छ । त्यसैले आयातलाई स्थायी समाधान मान्नुभन्दा स्वदेशी उत्पादन वृद्धि गर्ने रणनीतिमा जोड दिन आवश्यक छ । विशेष गरी मधेशलाई पुनः उत्पादनको केन्द्र बनाउनु अहिलेको आवश्यकता हो । यसका लागि सरकारले दीर्घकालीन र परिणाममुखी कृषि नीति अवलम्बन गर्नुपर्छ। मधेशका खेतसम्म वर्षभरि सिँचाइ सुविधा विस्तार गर्ने, गुणस्तरीय बीउ र मल सहज रूपमा उपलब्ध गराउने, आधुनिक कृषि उपकरणमा अनुदान दिने, कृषि बीमा र सहुलियतपूर्ण ऋणको पहुँच बढाउने तथा उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने व्यवस्था हुनुपर्छ। कृषि अनुसन्धान र विस्तार सेवालाई किसानसम्म प्रभावकारी रूपमा पुऱ्याउनु पनि उत्तिकै महत्वपूर्ण छ।

युवालाई कृषि उद्यमतर्फ आकर्षित गर्न आधुनिक प्रविधिमा आधारित व्यावसायिक खेती, कृषि स्टार्टअप, प्रशोधन उद्योग र बजारसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। कृषिलाई सम्मानित, लाभदायी र आधुनिक पेशाका रूपमा विकास गर्न सके मात्र युवा विदेश होइन, आफ्नै गाउँको खेतमा भविष्य देख्न थाल्नेछन् । कृषि र उद्योगबीचको सम्बन्ध मजबुत बनाउँदा उत्पादनसँगै रोजगारी पनि बढ्नेछ। मधेश हराभरा हुनु भनेको केवल एउटा प्रदेशको विकास मात्र होइन । समग्र नेपालको खाद्य सुरक्षाको आधार सुदृढ हुनु हो । मधेशका खेतमा पुनः हरियाली फर्काउन सकियो भने धान उत्पादन वृद्धि हुनेछ, आयात घट्नेछ, विदेशी मुद्रा जोगिनेछ र किसानको जीवनस्तर पनि उकासिनेछ। त्यसका लागि सरकार, स्थानीय तह, निजी क्षेत्र, कृषि विज्ञ र किसान सबैको साझा प्रतिबद्धता आवश्यक छ। नेपाललाई कृषिमा आत्मनिर्भर बनाउने यात्रा मधेशका हराभरा खेतबाटै सुरु हुन्छ। आयातमा निर्भर हुने होइन, उत्पादन बढाएर आत्मनिर्भर बन्ने समय आएको छ। नीति, लगानी, प्रविधि र युवाशक्तिलाई सही दिशामा परिचालन गर्न सकिए मधेश फेरि देशको अन्नभण्डारका रूपमा स्थापित हुनेछ र नेपालले आफ्नै माटोको उत्पादनबाट आफ्ना नागरिकको भान्सा भरिने गौरवपूर्ण दिन अवश्य देख्नेछ।

## आजको राशिफल

**मेष :** विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला।

**बृष :** सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**मिथुन :** पेसा-व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

**कर्कट :** स्रोतसाधन जुट्नाले मेहनतीका लागि समय निकै उत्साहजनक रहनेछ।

**सिंह :** मिहिनेतले अवसर प्राप्त हुनेछ। तर कामको मेसो नमिल्दा केही ढिलासुस्ती भने हुनेछ।

**कन्या :** सानो कमजोरीले बाधा पुर्याउनेछ। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ।

**तुला :** आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ।

**वृश्चिक :** शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। बोली-व्यवहारकै भरमा काम सम्पादन हुनेछ।

**धनु :** समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ।

**मकर :** खर्चिलो काम गर्नुपर्दा अर्थअभाव देखा पर्नेछ। परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला।

**कुम्भ :** व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ।

**मीन :** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। समाजले पदीय दायित्व दिलाउन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## मधेशका १० पालिका केन्द्रित ............

मन्त्री चौधरीले प्रांगारिक (अर्गानिक) खेतीलाई प्राथमिकता दिँदै माटोको उर्वराशक्ति संरक्षण, सुरक्षित खाद्य उत्पादन र दिगो कृषि प्रणाली विकासमा सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन्।

उनले कृषि, वन तथा पर्यावरण क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय, स्रोत-साधनको उचित परिचालन तथा साझा योजनामार्फत अघि बढ्नुपर्नेमा जोड दिइन्। साथै, प्रदेश सरकारबाट प्राप्त सुझावलाई संघीय सरकारले प्राथमिकताका साथ सम्बोधन गर्ने प्रतिबद्धता पनि व्यक्त गरिन्।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# मधेश प्रदेश सरकारको जनलोकपाल आयोगद्वारा १५ मुद्दा फैसला

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०९ गते**

मधेश प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२/८३ मा १५ वटा मुद्दा फैसला गरेको छ। स्थापनाकालदेखि न्यून जनशक्ति, भौतिक संरचनाको अभावलगायत समस्या झेल्दै आएको आयोगले आव २०८२/८३ मा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी ५१ उजुरी दर्ता भएकामा १५ वटाको फैसला गरेको हो।



आयोगका सूचना अधिकारी प्रसन्नराज कर्णका अनुसार यहाँ दर्ता भएका उजुरीहरूको अध्ययन र छानबिन गरी १५ वटाको फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाइएको छ। अन्य उजुरीउपर छानबिन भइरहेको उनले बताए।

आयोगमा गत आव २०८१/८२ मा भ्रष्टाचार र अनियमिततासम्बन्धी ५६ उजुरी दर्ता भएकामा १० वटा फैसला गरेर मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टङ्गाल काठमाडौँ पठाएको थियो।

आयोगमा सबैभन्दा बढी स्थानीय तह र प्रदेश सरकारका निकायहरूमा भ्रष्टाचार, अवैध सम्पत्ति आर्जन, प्रशासनिक अनियमिततासम्बन्धी उजुरी आउने गरेका सूचना अधिकारी कर्णको भनाइ छ। उनका अनुसार अनलाइनमार्फत पनि आयोगमा उजुरी दर्ता हुने गरेका छन्।

गत २०७८ भदौमा स्थापना भएको सो आयोगमा बर्सेनि अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरी बढ्दै गएपनि कार्यालयका लागि भौतिक संरचनाको अभाव, सुरक्षाकर्मीसहितको जनशक्ति आभावलगायत कारणले उजुरीको अध्ययन र छानबिन गर्न समस्या भइरहेको आयोगका अध्यक्ष रामसहायराय यादवले जानकारी दिए।

प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थाहरूमा भएको अनियमितता छानबिन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छानबिन गरी फैसला गर्न कठिनाइ भइरहेको उनको भनाइ छ।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लामा स्थानीय तहबाट सञ्चालित विकासीय योजनामा भ्रष्टाचार हुने गरेको तथा नियुक्ति प्रक्रियामा अनियमितता भएको विषयमा बढी उजुरी दर्ता हुने गरेको अध्यक्ष यादवले जानकारी दिए।

"आयोगमा ३३ जना कर्मचारीको दरबन्दी छ, तर अहिले कार्यालय प्रमुखसहित १५ कर्मचारी कार्यरत छन्", आयोगका अध्यक्ष यादवले भने, "एकातिर उजुरी बढी आइरहेको छ भने अर्कोतिर कर्मचारी अभावका कारण दर्ता भएका उजुरी अध्ययन गर्न समस्या भइरहेको छ।"

नियमावली र कर्मचारी पठाउन पटकपटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म सुनुवाई नभएको उनको गुनासो छ। "मुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापामारी गर्न प्रहरी चाहिन्छ", अध्यक्ष यादवले भने, "अहिले हामीसँग कानुनमा विज्ञता हासिल गरेका कर्मचारी र प्रहरीको अभाव छ। त्यसैले काम गर्न सकस भइरहेको छ।"

प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गठित उक्त आयोगको अध्यक्षमा यादव, सदस्यमा सुजाता विमल र सञ्जीव झा रहेका छन्।




## प्रदेशमा एमाले-नेकपा सत्ता सहकार्य ............

व्याख्या गरेका छन् । पछिल्लो समय प्रदेशसभामा बजेट निर्माणका क्रममा देखिएको असमझदारी, बजेट विहीनताको अवस्था र अस्वस्थ राजनीतिक प्रतिस्पर्धाले उत्पन्न गरेका समस्या समाधान गर्दै सुशासन, समृद्धि र प्रादेशिक विकासलाई तीव्र बनाउन दुवै दल सहकार्य गर्ने निर्णयमा पुगेको सहमतिपत्रमा उल्लेख छ।



पछिल्लो समय सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको बजेटलाई लिएर कांग्रेस र एमालेबीच अविश्वास बढेको थियो। सत्ताको नेतृत्व गरेको कांग्रेसले बजेटमा एकलौटी गरेको भन्दै सत्ता साझेदार एमालेले साथ नदिएपछि चालु आर्थिक वर्षको बजेट नै पारित भएन। त्यसपछि मुख्यमन्त्री कमलबहादुर शाहले एमालेका मन्त्रीहरूलाई बर्खास्त गरेका थिए।

शनिबारको सहमतिसँगै वाम शक्तिबीच प्रदेश सरकारमा कार्यगत एकता अघि बढेको नेकपाका नेता नारायणकाजी श्रेष्ठले बताए। उनले प्रदेश सरकारहरू विघटन हुन नदिन पनि आफ्नो पार्टीले सहकार्यको विकल्प रोजेको बताए। 'हामीले कांग्रेस र एमाले नेतृत्वलाई नै मिलेर सरकारमा निरन्तरता दिन भनेका थियौं। तर उहाँहरू सँगै जान नसक्ने हुनुभयो। प्रमुख तीन दल मिलेर जाने भन्ने कुराकानी पनि भयो तर कांग्रेस तयार भएन,' श्रेष्ठले भने, 'त्यसैले वामपन्थी दल मिल्नुपर्ने अवस्था आयो।'

श्रेष्ठले कांग्रेस नेतृत्वमा रहेको मधेश प्रदेश सरकारले भने निरन्तरता पाउन सक्ने बताए। मंसिर २०८२ देखि मधेश प्रदेश सरकारको नेतृत्व कांग्रेसले गरिरहेको छ। सरकारमा अन्य दलसँगै नेकपा पनि सहभागी छ। मधेशमा अहिलेकै सरकारलाई निरन्तरता दिन खोजिएको हो भन्ने प्रश्नमा नेकपा नेता श्रेष्ठले भने, 'मधेश प्रदेशमा कांग्रेस पनि जोडिन खोजेको संकेत पाइएको छ। त्यसैले कांग्रेसकै नेतृत्वले निरन्तरता पाउन सक्छ। त्यसका लागि कांग्रेससहित अन्य दलसँग थप छलफल गर्नेछौं।'

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले सातै प्रदेशमा एमाले, कांग्रेस र नेकपा मिलेर सरकार बनाउने प्रस्ताव आएको तर त्यसमा कांग्रेस सहमत नभएको बताएका छन्। प्रदेशसभालाई प्रतिपक्षविहीनजस्तै बनाउने गरी तीन प्रमुख दलले सबै प्रदेशमा सरकार गठन गर्नु लोकतान्त्रिक अभ्यासका दृष्टिले शतप्रतिशत गल्ती हुने उनको भनाइ छ।

कांग्रेस सभापति, उपसभापति, महामन्त्री, कांग्रेसका चार मुख्यमन्त्री तथा प्रदेश सभापतिहरूसहित पार्टी केन्द्रीय कार्यालयमा शुक्रबार बसेको बैठकले यस विषयमा एकमतका साथ स्पष्ट धारणा बनाएको उनले शनिबार सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन्। एमाले र नेकपाबीच भएको सहमतिप्रति कांग्रेसको कुनै नकारात्मक टिप्पणी नरहेको पनि शर्माले बताएका छन्। पछिल्लो समय नेपाली राजनीतिमा 'जसरी पनि सत्ता' भन्ने प्रवृत्ति मौलाउँदै गएको टिप्पणी गर्दै उनले त्यसविरुद्ध कांग्रेसले फरक राजनीतिक सन्देश दिएको दाबी गरेका छन्।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले पनि तीन दलीय गठबन्धन आफूहरूले नचाहेको बताए । 'ओलीजीले नेकपासँग जोडिने आधार खोज्नलाई प्रदेश सरकारलाई मुद्दा बनाउनुभएको थियो । उहाँले पहिल्यैदेखि प्रदेश सरकारमा नेकपालाई समेत ल्याउनुपर्‍यो भनिरहनुभएको थियो,' उनले भने, 'तर तीन दलीय गठबन्धनमा जाँदा प्रदेशहरू प्रतिपक्षविहीन हुन्छन्, लोकतन्त्रका लागि यो राम्रो हुन सक्दैन भनेर हामी मानेनौं।'

महामन्त्री पौडेलले अब कांग्रेस आफ्नै योजनाअनुसार अघि बढ्ने बताए। संख्या रहुन्जेल मधेश प्रदेश र गण्डकी प्रदेश सरकारबाट पार्टी अलग नहुने उनको भनाइ छ। 'हामी समर्थन खोज्दै जाँदैनौं, संख्या रहुन्जेलसम्म सरकारबाट हट्ने कुरा पनि हुन्न,' उनले भने। मधेश र गण्डकीका साथै बागमती र सुदूरपश्चिममा सरकारको नेतृत्व कांग्रेसले गरिरहेको छ।

एमाले नेता सूर्य थापाले प्रदेश सरकारमा भएको सहमति दुई पार्टीबीचको एकता नभई कार्यगत एकता तथा आगामी निर्वाचनमा तालमेल गर्नेसम्मको विषय मात्रै केन्द्रित रहेको बताए। 'यो सहमति हुँदै पार्टी एकता नै गरिहाल्ने भन्ने छैन। कार्यगत एकता र निर्वाचनमा तालमेल हुने कुरा मात्रै हो,' उनले भने।

एमाले र नेकपाले पाँच प्रदेशको नेतृत्व बाँडफाँट गरे पनि कोशी, कर्णाली र सुदूरपश्चिममा मात्र दुई दलको सहज बहुमत छ। अन्य प्रदेशमा अन्य दलको साथबिना उनीहरूले सरकार बनाउन सक्ने अंकगणित छैन।

एमाले र नेकपाका लागि सबैभन्दा सहज अवस्था कोशी प्रदेशमा छ। ९३ सदस्यीय कोशी प्रदेशसभामा हाल ९२ जना छन्। सरकार गठनका लागि ४७ मत आवश्यक पर्छ। एमालेका ४० र नेकपाका १७ सांसद रहेकाले सहजै बहुमत पुग्छ। यस्तै, ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा हाल ५२ जना छन्। सरकार निर्माणका लागि २७ सांसद चाहिन्छ। त्यहाँ नेकपाका २२ र एमालेका ११ सांसद छन्। त्यसैले दुई दलका लागि सरकार बनाउन सहज स्थिति छ।

कर्णालीमा एमाले र नेकपा मिल्दा सरकार सहजै बन्छ तर त्यहाँ पछिल्लो समीकरण अलि फरक छ। केन्द्रमा एमाले र नेकपाबीच अनौपचारिक सहमति भइराख्दा त्यहाँ कांग्रेस र नेकपाबीच सहकार्य छ। दुवै दलका सांसद मिलेर एमालेका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गराएका थिए। कँडेलले शनिबार पदबाट राजीनामा दिएका छन्। ४० सदस्यीय कर्णाली प्रदेशसभामा एमालेका १० र नेकपाका १४ जना छन्।

दुई दलका लागि सबैभन्दा कठिन अवस्था गण्डकीमा छ। गण्डकीमा एक पद रिक्त हुँदा अहिले ५९ पद कायम छ। एमालेको २२ र नेकपाको ७ सिट (सभामुखसहित) छ। सभामुखले सामान्य अवस्थामा मतदान नगर्ने भएकाले व्यवहारतः सरकार गठनका लागि उनीहरूको संख्या २८ मात्रै रहन्छ। सरकार बनाउन ३० जना चाहिन्छ। त्यहाँ कांग्रेस एक्लैको संख्या २७ छ। गण्डकी प्रदेशसभामा राप्रपाका दुई सांसद छन्। त्यही संख्या नै सरकार निर्माणका लागि निर्णायक बनेको छ। अर्को एक सांसद बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादीबाट निर्वाचित भएका हुन्। उक्त पार्टीबाट निर्वाचित फणिन्द्र देवकोटा पार्टीको निर्देशनविपरीत यसअघि नै कांग्रेस सरकारमा सहभागी भइसकेका छन्। उनी मुख्यमन्त्री सुरेन्द्र पाण्डेसँग निकट मानिन्छन्।

पार्टी नीतिविपरीत गएकै कारण एक पटक उनको सांसद पदसमेत गुमेको थियो। त्यसविरुद्ध परेको मुद्दामा सर्वोच्च अदालतले उनको सांसद पद पुनर्बहाली गरको थियो। दुई सिटको राप्रपालाई जसले आफ्नो पक्षमा तान्न सक्छ, त्यसैको सरकार बन्ने अवस्था गण्डकीमा छ। एमाले र नेकपाले राप्रपा साथ लिन सक्दा गठबन्धनलाई गण्डकीमा मात्रै नभएर बागमती र लुम्बिनीमा समेत सहज हुनेछ। त्यसैले दुवै पार्टीका नेताहरू राप्रपालाई फकाउने कसरतमा समेत जुटेका छन्।

राप्रपा प्रवक्ता मोहन श्रेष्ठ पार्टीले सरकारमा जाने नीति नबनाएको बताउँछन्। 'नेताहरूको फोन आउनु र कुराकानी गर्नु नौलो भएन। तर पार्टीले सरकारमा जाने नीति बनाएको छैन,' उनले भने। राप्रपाभित्रै एउटा बलियो समूह कुनै पनि हालतमा सरकारमा जान हुन्न भन्नेमा छ। प्रदेश खारेजीको मुद्दा उठाउँदै आएको हुनाले आफ्नै मुद्दा कमजोर हुने गरी सरकारमा जान नहुने उनीहरूको तर्क छ। 'प्रदेश खारेजीको मुद्दा पनि उठाउने र फेरि प्रदेश सरकारमा पनि जाने काम भयो भने हामीले उठाउँदै आएको मुद्दा नै कमजोर हुन्छ,' राप्रपाका एक नेताले भने।

कुल १ सय ७ सदस्यीय मधेश प्रदेशसभामा हाल १ सय ३ जना (सभामुखसहित) कायम छन्। सरकार गठनका लागि ५२ सिट चाहिन्छ तर एमाले र नेकपाको संयुक्त संख्या ३९ मात्रै पुग्छ। प्रदेशको ठूलो दल जसपा नेपालका २८ सांसद छन्। सभामुखसमेत जसपा नेपालबाटै निर्वाचित रहेकाले एमाले र नेकपाले जसपा नेपाललाई विश्वासमा लिन चाहेका छन्। सरकारको नेतृत्व गरिरहेको कांग्रेसको भने मधेशमा २२ सिट छ।

१ सय १० सदस्यीय बागमती प्रदेशमा अहिले १ सय ४ जना मात्रै छ। सरकार निर्माणका लागि ५३ सांसद आवश्यक पर्छ। जबकि एमाले र नेकपाको संयुक्त संख्या ५१ मात्रै छ। बागमतीमा राप्रपाका १२ सांसद छन्। राप्रपाको समर्थन जुटे संयुक्त संख्या ६३ पुग्छ। राप्रपाबाट सभामुख भएका भुवनकुमार पाठकले जेन-जी आन्दोलनको कारण देखाएर राजीनामा दिएका थिए। त्यसपछि बागमतीमा नयाँ सभामुखको निर्वाचन भएको छैन।

८७ सदस्यीय लुम्बिनी प्रदेशमा हाल ८३ सांसद छन्। त्यहाँ सरकार गठनका लागि ४२ सिट चाहिन्छ। लुम्बिनीमा एमालेको २९ र नेकपाको १३ (सभामुखसहित) सिट छ। सभामुखसहितको संख्याले ठिक्क बहुमत पुग्छ। तर सरकार निर्माणमा सभामुखको संख्या जोडिने नभएकाले एमाले र नेकपालाई थप एक सिट आवश्यक पर्छ। जसका लागि राप्रपा, जसपा, नेपाल, जनमत पार्टीमध्ये कुनै एकलाई मनाउनुपर्ने देखिन्छ।

# गोली हानेर लागुऔषधसहित ६ जना पक्राउ, दुईजना ज्यानसम्बन्धी कसुरका फरार व्यक्ति

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०९ गते**




लागुऔषध नियन्त्रण ब्युरोको टोलीले सिरहाको लहान नगरपालिका- ३, अस्पताल चोक क्षेत्रमा गोली प्रहार गरी लागुऔषधसहित पक्राउ गरेको छ। व्यक्तिमध्ये दुईजना ज्यानसम्बन्धी कसुर मुद्दाका फरार व्यक्तिहरू रहेको खुलेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरीले आत्मरक्षाको लागि गोली चलाउँदा बायाँ खुट्टामा गोली लागेर घाइते अवस्थामा पक्राउ गरिएका सप्तरीको रूपनी गाउँपालिका- १ का करिब ४२ वर्षीय मो. नाजिर मियाँ भनिने मो. नसिर ज्यानसम्बन्धी कसुर मुद्दाका फरार अभियुक्त रहेको खुलेको हो।

मिया ज्यानसम्बन्धी कसुर मुद्दामा सप्तरी जिल्ला अदालतको ३२ साउन २०८२ को फैसलाअनुसार २५ वर्ष कैद सजाय भई सुनसरीको झुम्कास्थित कारागारमा कैद सजाय भुक्तान गर्ने क्रममा जेन-जी आन्दोलन हुँदा सोही वर्षको २४ भदौमा फरार भएका अभियुक्त रहेको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

त्यस्तै, लागुऔषध कारोबारीहरूको समूहमा पक्राउ परेकामध्ये सप्तरीको बोदेबर्साइन नगरपालिका- २, नेड्डाका २८ वर्षीय शम्भुप्रसाद यादवविरुद्ध इलाका प्रहरी कार्यालय कडरबोनामा १३ साउन २०७७ र ५ फागुन २०८२ मा दुईपटक गरी ज्यान मार्ने उद्योगसम्बन्धी मुद्दाका फरार प्रतिवादी रहेको उनले बताए । लागुऔषध बिक्री-वितरण गरिरहेको भन्ने गोप्य सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको टोलीले कारोबारीहरूलाई नियन्त्रणमा लिन खोज्दा प्रहरीमाथि आक्रमण गरेपछि प्रहरीले आत्मरक्षाका लागि पाँच राउन्ड गोली चलाएर बिहीबार अपराह्न एक भारतीयसहित ६ जनालाई पक्राउ गरेको थियो।

प्रहरीले चलाएको गोली लागेर ज्यानसम्बन्धी कसुर मुद्दाका फरार अभियुक्त नसिर र अर्को भारतीय युवक घाइते भएपछि उनीहरूसहित ५ जनालाई पक्राउ गर्नुका साथै दुई सय ४३ ग्राम खैरो हिरोइन, स ३ प ८१८५, स ११ प ८०५ नम्बरको गरी दुई थान मोटरसाइकल र सात थान मोबाइलसमेत बरामद भएको थियो।




# घरमा मल लुकाएर महँगोमा बेच्ने वडा सदस्य फरार, प्रहरीद्वारा ४०० बोरा मल नियन्त्रणमा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०९ गते**



धनुषा प्रहरीले जिल्लाको धनुषाधाम नगरपालिका-५ ९०० बिघास्थित वडा सदस्य सुरेश साहको घरबाट ठुलो परिमाणमा रासायनिक डिएपी मल बरामद गरेको छ।

वडा सदस्य साहले घरमा लुकाइछिपाइ डिएपी मल राखेको र रातिको समयमा महँगो मूल्यमा बिक्री गरिरहेको गोप्य सूचनाका आधारमा प्रहरी चौकी ९०० बिघाबाट खटिएको टोलीले करिब ४०० बोरा डिएपी मल बरामद गरेको हो।

वडा सदस्य साहको घरबाट बरामद भएको उक्त रासायनिक मलको स्रोत नभेटिएपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिएका छन्।

नियन्त्रणमा लिइएको मल ट्र्याक्टरमा लोड गरेर इलाका प्रहरी कार्यालय धनुषाधाम ल्याउने काम भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताएका छन् । उनका अनुसार बरामद भएको मलको यकिन सङ्ख्या र त्यसको स्रोतबारे थप अनुसन्धान भइरहेको छ। वडा सदस्य साह फरार रहेको र उनको खोजी कार्य भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेको भनाइ छ।


## मिटरब्याज सहमतिविरुद्ध सिरहामा साहु-महाजन ...........

भएको सहमतिपछि सिरहासहित विभिन्न जिल्लामा साहु-महाजन पक्षले असन्तुष्टि जनाउँदै आफूहरू पनि संगठित हुन थालेका छन्। उनीहरूको भनाइमा वैधानिक रूपमा गरिएको ऋण लगानीलाई अवैध वा फर्जीका रूपमा चित्रित गर्दा वास्तविक साहु-महाजनको अधिकारसमेत प्रभावित हुने अवस्था सिर्जना भएको छ।

साउन ६ गते बसेको मन्त्रिपरिषद् बैठकले साउन १ गते मिटरब्याज पीडित पक्ष र सरकारी वार्ता टोलीबीच भएको सहमतिलाई अनुमोदन गरेको थियो । सो निर्णयअनुसार मिटरब्याजसँग सम्बन्धित फर्जी तथा गैरकानुनी लिखतहरूलाई अवैध घोषणा गर्ने व्यवस्था गरिएको छ । यही निर्णयको विरोध गर्दै साहु-महाजन पक्षले आन्दोलनका कार्यक्रम अघि बढाएको हो।

# मधेश प्रदेश सञ्चार विधेयकमा फोनिजको पनि आपत्ति, सरकारविरुद्ध एकजुट हुन अपिल

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ०९ गते**


नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)
Federation of Nepalese Indigenous Nationalities Journalists (FONIJ)
मधेस प्रदेश कार्य समिति
प.सं. :-
च.नं. :-
मिति : २०८३ साउन ८ गते शुक्रबार

अध्यक्ष
दुष्यन्त चौधरी
९८४३११३४३५
उपाध्यक्ष
अनिता चौधरी
उपाध्यक्ष
प्रिया सिंह थारु
महासचिव
बृजमान तामाङ्ग
सचिव
नविन चौधरी
पुनम चौधरी
कोषध्यक्ष
ज्योती लामा
सदस्य
जितेन्द्र चौधरी
शम्भु चौधरी
रोयटर मण्डल
मनोज थापा मगर
बुधन चौधरी
उदय पाखिन

प्रेस विज्ञप्ति

मधेश प्रदेश सरकारले सञ्चारसम्बन्धी विधेयक तथा स्वायत्त सञ्चार संस्थाहरूको संरचनामा परिवर्तन गर्ने तयारी गरिरहेको विषयप्रति नेपाल आदिवासी जनजाति पत्रकार महासंघ ( फोनिज ) मधेस प्रदेशको गम्भीर ध्यानाकर्षण भएको छ । मधेस प्रदेशले चालु आर्थिक वर्षको बजेटमार्फत प्रदेशका सञ्चार क्षेत्रलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिएको प्रति हाम्रो गम्भीर असन्तुष्टि रहेको छ, यसै विज्ञप्तिमार्फ जानकारी गराउन चाहन्छौं ।
त्यसैगरी, प्रदेश ऐन अनुसार स्थापना भएका सञ्चारसम्बन्धी स्वायत्त संस्थाहरूलाई पर्याप्त बजेट, जनशक्ति तथा अधिकार उपलब्ध नगराई प्रभावकारी रूपमा सञ्चालन हुन नदिने र पछि ती संस्थाको औचित्यमाथि प्रश्न उठाएर गाँभ्ने वा कमजोर बनाउने प्रयास संघीय शासन व्यवस्थाको मर्म र संविधानको भावनाविपरीत हुने हाम्रो स्पष्ट धारणा छ ।
सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि विधेयक वा नीतिगत निर्णय पत्रकार, सञ्चारकर्मी, सञ्चार विज्ञ, सञ्चारसम्बद्ध संस्था तथा अन्य सरोकारवालासँग पर्याप्त परामर्श र सहमतिका आधारमा मात्र अघि बढाउनुपर्ने हाम्रो बुझाई छ । एकपक्षीय ढङ्गले विधेयक ल्याउने तथा ऐनबमोजिम स्थापित संस्थागत संरचनालाई समाप्त गर्ने प्रपञ्च तत्काल रोक्न हामी मधेश प्रदेश सरकारसँग जोडदार माग गर्दछौं। सरकारले सरोकारवालासँग अर्थपूर्ण परामर्श नगरी सञ्चार क्षेत्रलाई कमजोर बनाउने, संघीयताको भावना विपरीत प्रदेशका स्वायत्त सञ्चार संस्थाहरूलाई निष्क्रिय वा समाप्त गर्ने कार्य अघि बढाएमा हामी चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने समेत चेतावनी दिन चाहन्छौं ।
प्रेस स्वतन्त्रता, संस्थागत स्वायत्तता र संघीयताको संरक्षणका लागि हामी सधैं प्रतिबद्ध रहने छौं। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ ( फोनिज ) , नेपाल पत्रकार महासंघ, प्रेस तथा सञ्चारसम्बन्धी सबै सङ्घ-संस्था, सञ्चारकर्मी, नागरिक समाज र सरोकारवाला निकायलाई यस विषयलाई गम्भीरतापूर्वक लिई प्रेस स्वतन्त्रता, सञ्चार क्षेत्रको संस्थागत स्वायत्तता तथा संघीयताको मर्म र भावनाको रक्षाका लागि साझा पहल गर्न हार्दिक अपिल गर्दछौं। लोकतान्त्रिक मूल्य-मान्यता र संविधानप्रदत्त अधिकारको संरक्षणका लागि सबै पक्ष एकजुट भई आवाज उठाउनु आजको आवश्यकता भएको हाम्रो ठहर छ।

दुष्यन्त चौधरी
अध्यक्ष



नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मधेश प्रदेश समितिले पनि मधेश प्रदेश सरकारले ल्याउन लागेको सञ्चारसम्बन्धी विधेयकमा आपत्ति जनाएको छ।

शुक्रबार जारी प्रेस विज्ञप्तिमार्फत फोनिजले चालु आर्थिक वर्षको बजेटमार्फत प्रदेशको सञ्चार क्षेत्रलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिएको भन्दै असन्तुष्टि व्यक्त गरेको हो। प्रदेश ऐनअनुसार स्थापना भएका स्वायत्त सञ्चार संस्थालाई पर्याप्त बजेट, जनशक्ति र अधिकार उपलब्ध नगराई प्रभावकारी रूपमा सञ्चालन हुन नदिने तथा पछि ती संस्थाको औचित्यमाथि प्रश्न उठाउने प्रयास संघीय शासन व्यवस्था र संविधानको भावना विपरीत रहेको विज्ञप्तिमा उल्लेख छ।

शुक्रबार मात्रै अपन दैनिक पत्रिकमा 'स्वायत्त' सञ्चार संस्था गाभ्ने मधेश सरकारको तयारी, परामर्शबिनै अघि बढ्यो विधेयक' शीर्षकमा समाचार सार्वजनिक भएपछि फोनिजले विज्ञप्ति जारी गर्दै सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि कानुन, नीति वा संरचनागत परिवर्तन सरोकारवालासँग पर्याप्त छलफल र सहमतिबिना अघि बढाउन नहुने धारण अघि सारेको छ।

फोनिजका अध्यक्ष दुष्यन्त चौधरीले सञ्चार क्षेत्रसँग सम्बन्धित कुनै पनि विधेयक वा नीतिगत निर्णय पत्रकार, सञ्चारकर्मी, सञ्चारसम्बद्ध संस्था तथा अन्य सरोकारवालासँग पर्याप्त परामर्श र सहमतिका आधारमा मात्रै अघि बढाउन माग गरेको छ। एकपक्षीय रूपमा विधेयक ल्याई स्वायत्त संस्थालाई समाप्त गर्ने वा कमजोर बनाउने प्रयास स्वीकार्य नहुने पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

सरकारले सरोकारवालासँग आवश्यक परामर्श नगरी सञ्चार क्षेत्रलाई कमजोर बनाउने तथा स्वायत्त सञ्चार संस्थालाई निष्क्रिय पार्ने काम अघि बढाए चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्न बाध्य हुने चेतावनी पनि फोनिजले दिएको छ। विज्ञप्तिमा प्रेस स्वतन्त्रता, संस्थागत स्वायत्तता र संघीयताको संरक्षणका लागि नेपाल पत्रकार महासंघ, सञ्चारसम्बद्ध संघ-संस्था, सञ्चारकर्मी, नागरिक समाज तथा सरोकारवाला निकायलाई एकजुट भएर आवाज उठाउन समेत अपिल गरिएको छ।

मधेश प्रदेश सरकार यो कदम विरुद्ध शुक्रबार नै प्रेस मञ्च नेपाल र जनमत प्रेस संघले पनि विरोध जनाएको छ।

## गुणस्तरहीन खाद्यान्न बिक्री गर्ने मधेशका ...............

खाद्य नमुना सङ्कलन गरिएको थियो। तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।

सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिए।

खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरेको जनाएको छ। यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ।

नमुना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु ३८ लाख ३६ हजार १७० राजस्व सङ्कलन भएको प्रमुख दाहालले बताए।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु चार लाख २० हजार जरिवाना गरिएको उनले जानकारी दिए।

सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु छ लाख ६७ हजार जरिवाना गरिएको थियो।

कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर ।
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति ।
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना ।
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण ।
- वस्तुको अधिकतम् बिक्री मूल्य ।
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर ।
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

